**कोरोना भाईरस (Covid Virus) का कारण भएको बन्दाबन्दी तथा निशेधज्ञाका कारण चिया, कफी र अलैची उत्पादन तथा बजारीकरणमा भएका समस्याहरु र समाधानका उपायहरु सम्बन्धि बैठकको प्रतिवेदन**

कोरोना भाईरस (Covid Virus) का कारण भएको बन्दाबन्दी तथा निशेधज्ञाका कारण चिया, कफी र अलैची उत्पादन तथा बजारीकरणमा भएका समस्याहरु र समाधानका उपायहरु सम्बन्धि विषयमा मिति २०७८/०३/११ मा राष्ट्रिय किसान आयोगले आयोजना गरेको छलफल कार्यक्रममा राष्ट्रिय चिया तथा कफी विकास बोर्ड, प्रधानमन्त्री कृषि आधुनिकरण परियोजन कार्यान्वयन इकाईका प्रमुख तथा प्रतिनिधिहरु, चिया तथा कफी क्षेत्रका व्यवसायी, उत्पादक किसान तथा सहकारीका प्रतिनिधि, व्यवसायी कृषक लगायत राष्ट्रिय किसान आयोगका पदाधिकारी तथा सरोकारवालाहरूको सहभागिता थियो । उक्त छलफल कार्यक्रममा सरोकारवालाहरूले विभिन्न सल्लाह एवं सुझावहरू राख्नु भएको थियो ।

- छलफलको क्रममा राष्ट्रिय चिया तथा कफी विकास बोर्डका कार्यकारी निर्देशकज्यूले ३ अर्ब ५१ करोड बराबरको निर्यात हुने चिया निर्यात सम्बन्धी नीति छाँयामा परेको र नेतृत्व गणमा चिया र कफीलाई हेर्ने नजरमा परिर्वतन ल्याउन आवश्यक रहेको कुरा व्यक्त गर्दै कोभिडको कारण करीव २१ करोड बराबर नोक्सान भएको, अन्तराष्ट्रिय बजारमा चियाको निर्यात बढाउनका लागि गुणस्तर चिया उत्पादन तथा बजार प्रवर्दनमा विशेष जोड दिनुपर्ने कुरा व्यक्त गर्नुभयो ।
- नेपाल कफी व्यवसायी महासंघका प्रतिनिधिले कफीको उत्पादन ५०० मे.टन हुने, आन्तरिक खपत २७०० मे.टन रहेकोले कफीमा क्षेत्र विस्तार सम्बन्धी कार्यक्रमलाई सरोकारवाला निकायहरुले विशेष जोड दिनुपर्ने कुरा व्यक्त गर्नुभयो ।हाल अरेविका (Arabica) जातको कफी मात्र उत्पादन हुने गरेको जसमा गबारो जस्तो रोग किराहरुको प्रकोप धेरै रहेको पाइएकोले रोवुष्टा (Robusta) जातका कफीको क्षेत्र विस्तार गर्नका लागि आवश्यक अध्ययन अनुसन्धान हुनुपर्ने। कफीको विरुवा वितरण कार्यक्रममा छहारी दिने खालका विरुवा पनि सँगै वितरण हुनुपर्ने व्यबस्था मिलाउनु पर्ने सुझाव दिनु भएको थियो।
- चिया तथा कफी क्षेत्रका कृषक,व्यवसायी लगायत अन्य उपस्थित सहभागीहरुले निम्नानुसारका सल्लाह र सुझावहरु दिनुभएको थियो ।

➢ जिल्लागत वितरण गरिएको मल कृषकको माग अनुसार प्रयाप्त नभएकोले चिया तथा कफीको बगानमा मलको अभावको कारण चिया उत्पादन घटेकोले समयैमा माग अनुसार मल वितरण प्रणालीलाइ व्यवस्थित गर्नुपर्ने ।

➢ निर्यातजन्य कृषि बस्तु चिया तथा कफीको नियार्त प्रर्वदन गर्नका लागि नेपाल सरकारले नीतिगत सुधार गरी उत्पादक, उद्यमीलाइ प्रोत्साहन गर्ने कार्यक्रमहरू संचालन गर्न जरुरी भएको।

- चियामा विषादीको अवशेष देखिएकोले तेश्रो मूलकमा निर्यात गर्न असहज परिस्थिति भएकोले चिया उत्पादक कृषक व्यवसायीहरूलाइ सचेतनामूलक कार्यक्रमहरू संचालन गर्न जरूरी भएको ।
- अन्तराष्ट्रिय बजारमा अर्गानिक अर्थोडक्स चियाको माग धेरै भएकोले सो को लागि आवश्यक नीतिगत ब्यवस्था गरि सो अनुसार कार्यक्रम कार्यान्वयन हुन जरूरी भएको ।
- अन्तराष्ट्रिय बजारमा चिया विक्री गरेवापत कृषक व्यवसायी उद्ममीहरूलाइ दिदै आएको निर्यात अनुदान (incentive) विगत २ देखि नपाएकोले सो उपलब्धता हुने वातावरण सहजीकरण हुनुपर्ने ।
- बन्दाबन्दिको कारण चिया तथा कफीको व्यापार कम भएकोले बैकहरूलाइ तिनुपर्ने व्याज मिनाहा लगायत अन्य सुविधाको लागि सहजीकरण हुन आवश्यक भएको ।
- बन्दाबन्दिको कारण अन्तराष्ट्रिय उडानमा अवरूद् भएकोले चियाको नमूना (Sample) पठाउन समस्या भएकोले नेपाल सरकारले सहजीकरण गर्न आवश्यक भएको ।
- चिया तथा कफीमा काम गर्ने श्रमिकलाइ फार्म र कारखानामा आवत जावत गर्दा अवरोध भएकोले निवार्ध रूपमा हिडडुल गर्नका लागि र कोरोना खोपको उपलब्धता हुने वातावरणका लागि आवश्यक सहजीकरण गरिदिनुपर्ने साथै कफी संकलनका लागि प्रयोग भएको ढुवानी साधन पनि विना रोकतोक हिड्न पाउने व्यवस्थाका लागि सहजीकरण हुनुपर्ने ।
- कफीको उत्पादन क्षेत्र विस्तार लगायत विभिन्न अनुसन्धनात्मक कार्यलाइ विशेष जोड दिनुपर्ने
- अलैचीमा विभिन्न खालका रोग किराहरूको प्रकोप भएकोले सोको नियन्त्रणका लागि ठोस कार्यक्रमका साथै बजारीकरणमा सहजीकरण आवश्यक भएको
- सरकारले कृषिमा दिने अनुदानहरू सोझै कृषक सहकारि मार्फत कृषकले नै पाउने ब्यवस्थाका लागि पहल आवश्यक भएको ।
- नेपाली कफीको आन्तरिक बजारमा प्रवर्दन गर्न विशेष प्रवर्द्धनात्मक कार्यक्रमहरू संचालनमा जोड दिनु पर्ने ।
- अन्यमा राष्ट्रिय किसान आयोगका अध्यक्ष प्रेम प्रसाद दंगालज्यूवाट छलफलमा उठेका विषय वस्तुमा प्रकाश पार्दै छलफलको समापन गर्नु भएको थियो ।